
annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक २५४ पृष्ठ ८ | काठमाडौं, शनिबार ५ माघ २०८१ | ...ाल संवत् ११४५ | SATURDAY, JANUARY 18, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

## देशले भन्दैछ कबड्डी कबड्डी

कबड्डी नदेख्ने, नखेल्ने सायदै होलान् । अझ भनौं, जुन बेला आधुनिक खेलकुदका सामग्री थिएनन्, त्यो बेला कबड्डी राष्ट्रिय खेल नै थियो । तर, २०७४ मा सरकारले भलिबललाई राष्ट्रिय खेलको मान्यता दियो, कबड्डी ओझेलमा पऱ्यो । तर, क्रिकेटको एनपीएल भव्य रूपमा सम्पन्न भएपछि मुलुकमा कबड्डीको 'फ्रेन्चाइज' भइरहेको छ । जसले कबड्डीलाई अन्तर्राष्ट्रिय क्षेत्रमै परिचित बनाउने अपेक्षा गरिएको छ ।

**विष्णु थापा** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

## इजरायल-हमास युद्धविराम आइतबारबाट लागू



**काठमाडौं** : ६ साता लामो इजरायल गाजा युद्धविराम सम्झौता आइतबारदेखि कार्यान्वयन हुने भएको छ। ४६ हजारको ज्यान गएपछि दुई मुलुक युद्धविराम गर्न सहमत भएका हुन्।

पहिलो चरणमा सुरुमा केही इजरायली बन्धकहरूलाई छाडिने भनिएको छ। त्यसपछि इजरायलले प्यालेस्टिनी बन्धकहरूलाई छाड्ने छ। इजरायली सेना पनि युद्ध क्षेत्रबाट फिर्ता हुनेछ। यसबीचमा युद्धविराम कार्यान्वयनका लागि वार्ता पनि जारी रहने अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले लेखेका छन्।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको लिकुड पार्टीका केही सदस्य र वामपन्थी नेताहरू युद्धविरामको विपक्षमा उभिएका बेला भएको यो सम्झौताको संयुक्त राष्ट्रसंघ, अमेरिकासहित कतार, इजिप्टलगायत देशले स्वागत गरेका छन्।

उक्त सम्झौताले लाखौं विस्थापित गाजावासीहरूलाई घर फर्कन अनुमति दिइनेछ, भने बन्धकहरू रिहाइको सुनिश्चितता गर्नेछ।

इजरायल र हमासबीच ७ अक्टुबर २०२३ मा युद्ध सुरु भएको थियो। हमास लडाकुहरू प्यालेस्टिनी भूमिको गाजा क्षेत्रबाट इजरायलमा प्रवेश गरी आक्रमण गरेर १० नेपाली विद्यार्थीसहित १ हजार २ सय जनाको ज्यान लिएका थिए। नेपालका विपिन जोशीसहित २ सय ५० जनालाई बन्धक बनाएर लगेका थिए। त्यसपछि इजरायलले जवाफी कारबाही सुरु गरेको थियो।

» बाँकी पृष्ठ ६

